# तानसेन नगरपालिका

तानसेन, पाल्पा
लुम्बिनी प्रदेश, नेपाल

☎: ०७५-५२०१०९, ५२०८९३
५२०१२९, ५२०९०९
ई-मेल :ito.tansenmun@gmail.com
info@tansenmun.gov.np


चलानी नं.
पत्र संख्या :

२०७८ असोज २

## संविधान दिवस २०७८ को अवसरमा हार्दिक शुभकामना

संविधान दिवस २०७८ को उपलक्ष्यमा तानसेन नगरवासीलगायत देश–विदेशमा रहनुभएका सम्पूर्ण नेपालीहरुमा हार्दिक शुभकामना व्यक्त गर्दछौं । यसअवसरमा नेपालमा संघीय लोकतान्त्रिक गणतन्त्र स्थापनाको लागि शहादत प्राप्त गर्ने ज्ञातअज्ञात सम्पूर्णवीर शहीदप्रति हार्दिक श्रद्धासुमन अर्पण गर्दछौं ।

संघीय लोकतान्त्रिक गणतन्त्र स्थापनाका लागि एकजुट भएका दलहरु शहीदको सपना साकार पार्न तथा नेपालीहरुको हितअनुकुल समृद्ध नेपालको लक्ष्य पूरा गर्न विकास निर्माणका काममा एकतावद्ध भएर लाग्नुपर्ने अवस्था एकातिर रहेको छ भने अर्कातीर विश्वव्यापीरुपमा समस्या बनेको कोरोना भाइरस संक्रमण (COVID-19) को नकारात्मक असर नसकिदै सुरु भएको दोस्रो भेरियन्टका कारण जनजीवन अझै सहज अवस्थामा पुगिसकेको छैन् । सीमित साधनस्रोतका वावजूद तानसेन नगरपालिकाले संक्रमण न्यूनीकरणका लागि वडास्तरमा परीक्षण गरेर संक्रमित पहिचान, अक्सिजनसहितको आइसोलेसनमा उपचार, रेफर र अप्ठेरोमा परेकालाई आवश्यकताअनुसार राहतको कामलाई प्राथमिकता दिएको तथ्य अवगतै छ । यसैबीच कोरोनाका कारण हामीले विभिन्न क्षेत्रमा पहिचान बनाएका होनहार हाम्रा सहयोगीलगायतका नगरवासीलाई गुमाउनु पर्दा असैह्य पीडावोध भएको छ । निधन भएकाहरुको गतात्माको चिरशान्तिको लागि परमेश्वरसँग प्राथना गर्दै शोकाकूल परिवारजनमा हार्दिक समवेदना प्रकट गर्दछौं ।

संविधान दिवस मनाइरहँदा हामीले मनन गर्नु पर्दछ कि-विकास, निर्माण र कोरोना संक्रमण रोकथामका लागि दलहरुको साझा प्रतिवद्धतासंगै सहकार्य र समन्वय वर्तमानको खाँचो हो । विगतमा संघीय लोकतान्त्रिक गणतन्त्र नेपाल स्थापनाको महान अभियानमा एकजुट भएजसरी नै राष्ट्रियताको सवालमा दायित्व निर्वाह गर्न संविधान दिवसबाट हामी सबैलाई प्रेरणा प्राप्त होस् । पारदर्शिता, सुशासन र विकासप्रतिको प्रतिवद्धता पूरा गर्न तथा मौजुदा शंकटको सामना गर्न सबै जुटौं भनेर हामी विनम्र आग्रहसमेत गर्दछौं ।

अन्त्यमा, नेपाल राष्ट्र अनि समग्र नेपाली नागरिकको हितका सवालमा जुनकुनै सरकारबाट भएगरेका असल कर्मलाई निरन्तरता दिदै थप उपलब्धि हासिल गर्न हामीलाई शीघ्र सफलता मिलोस् भन्ने कामनासहित संविधान दिवसको उपलक्ष्यमा पुनः सबैमा हार्दिक शुभकामना व्यक्त गर्दछौं ।

नगर प्रमुख

अशोककुमार शाही
नगर प्रमुख

एवम् तानसेन नगरपालिका परिवार




Scanned with CamScanner